# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पातिचौर,पर्बत

**ल्यापटप, कम्प्युटर, प्रिन्टर तथा डिजीटल हाजिर मेसिन खरिद कार्यको शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना प्रथम पटक प्रकाशित मितिः२०७६/०९/२३**

यस मोदी गाउँपालिकाको लागी आ.व. २०७६/७७ मा **ल्यापटप, कम्प्युटर, प्रिन्टर, तथा डिजीटल हाजिरी मेशिन खरिद** कार्यको शिलबन्दी दरभाउपत्र माध्यमद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्रप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रीतपुर्वको शिलबन्दी दरभाउपत्र आह्वन गरिन्छ ।

१. दरभाउपत्र फाराम तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) छुट्टाछुट्टै तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएका दरभाउपत्र भर्नुपर्ने सवै विवरणहरु प्रष्टसँग भरी प्रत्यक पानामा सही छाप गरी यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं. कामको विवरण, दरभाउपत्र दाताको नाम ठेगाना र मोवाइल नं. स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन को १२ बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ वजे दरभाउपत्रदाता वा नीजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा नीजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र जमानत बापतको तल उल्लेखित रकम **नेपाल बैंक लिमिटेडमा कुश्मा शाखामा रहेको गाउँपालिकाको धरौटी खाता नं. ग-३-० ०६६०३०००००००३००००८** मा नगद जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ४५ दिन म्याद भएको नेपाल सरकार बाट मान्यता प्रप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र दाताले पेश गर्नुपर्ने कागजातहरुः– फर्म दर्ता प्रमाणपत्र, र फर्म नविकरण प्रमाणपत्र, स्थायी लेखा नं. प्यान तथा भ्याट दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र,कम्पनीको आधिकारिक पत्र ।

५. दरभाउपत्रमा आइटम वाईज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

६. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. एक फर्मको नाममा खरीद गरीएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

८. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९. दरभाउपत्र, स्पेसिफिकेशन, मुल्य अकिंत परिमाण सूचि र अन्य सम्बन्धित कागजातहरुमा कुनै त्रुटि वा फरक पर्न गएमा कार्यालयले जुनसुकै बखतमा सच्याउन सक्नेछ र सो को जानाकारी कार्यालयको सूचना पाटीमा टाँस गरीनेछ ।

१०. दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुरा बुझ्नुपरे कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न खरिद समिति समक्ष बुझ्न सकिने छ ।

११. यस सुचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

१२. कामको विवरण निम्नाअनुसार छ ।

| सि.न | शिलबन्दी दरभाउपत्र न. | बिबरण | धरौटी रकम | फारम दस्तुर |
|---|---|---|---|---|
| १. | 06/MRM/ITE/2076/77 | **ल्यापटप,कम्प्युटर,प्रिन्टर तथा डिजीटल हाजिर मेशिन खरिद** | ४०,०००/- | रु.१,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**